आज मिति २०८१ जेठ २३ गतेका दिन बेसीशहर नगरपालिका नगरकार्यपालिकाको नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३८ (अठतीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| उप. प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालीका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " " २ | श्री मदन बहादुर राना |
| " " " " ३ | श्री चित्र बहादुर दर्नाई |
| " " " " ४ | श्री राम बहादुर गुरुङ |
| " " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " " ६ | श्री प्रकाश थापा |
| " " " " ७ | श्री ऋषिराम बस्नेत |
| " " " " ८ | श्री पवित्रा थापा राना |
| " " " " ९ | श्री खुसिजंग गुरुङ |
| " " " " १० | श्री गंगा बहादुर थापा |
| " " " " ११ | श्री शिव प्रसाद जोशी |
| " " " | श्री हिरालाल विश्वकर्मा |
| " " " | श्री श्रीनाथ दुलाल |
| " " " | श्री कल्पना थापा बोहरा |
| " " " | श्री विमला न्यौपाने अधिकारी |
| " " " | श्री सुकमाया गुरुङ |
| " " " | श्री सुकमाया घर्ती |
| " " " | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

प्रशासन/योजना शाखा प्रमुख - श्री शम्भु प्र. घिमिरे
सामाजिक विकास शाखा " - श्री मेघेन्द्र पोखरेल
राजश्व शाखा प्रमुख - श्री सुशिला श्रेष्ठ

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको
कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. बालमैत्री स्थानीय शासनयुक्त वडा/बालमैत्री वडा घोषणा सम्बन्धमा ।
३. प्राकृतिक श्रोत(ढुंगा,गिटी, बालुवा) को ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
४. बजेट रकमान्तर सम्बन्धमा
५. शिक्षातर्फको कार्यक्रम संशोधन सम्बन्धमा ।
६. स्वास्थ्यतर्फको बजेट माग सम्बन्धमा ।
७. बालबालिका लक्षित कार्यक्रमको सम्बन्धमा ।
८. वडास्तरीय योजना कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा ।
९. नेपाल विद्युत प्राधिकरण मध्यमर्स्याङ्दी जलविद्युत केन्द्रलाई लेखी पठाउने सम्बन्धमा ।
१०. विविध

- तलबभत्ता अपुग भएको सम्बन्धमा ।

## बैठकका निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८१/०२/०६ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्दै आएको बेसीशहर नगरपालिका वडा नं ४ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने सम्बन्धमा सरोकारवालाहरुको बहुपक्षिय अनुमगन टोलीले स्थलगत अनुगमन गर्दा सो अनुगमन प्रतिवेदन र सम्बन्धित वडाको सिफारिश समेतको आधारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रियाका चरणहरुको कार्यान्वयनको अवस्था र बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु प्रासिको मापन गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २१ अनुसार बेसीशहर नगरपालिका वडा ४ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा/बालमैत्री वडा घोषणा गर्न उपयुक्त देखिएको हुँदा उक्त वडालाई यही २०८१ जेठ २५ गतेका दिन बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

**निर्णय नं ३ : प्राकृतिक श्रोत(ढुंगा,गिटी, बालुवा) बिक्रीको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।**

प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (प) को बुँदा नं ७ तथा ६४ को उपदफा (च) ले दिएको अधिकार अन्तर्गत नगरपालिका क्षेत्रभित्र बग्ने नदीखोलाबाट निस्कने ढुंगा,गिटी बालुवा, ग्राभेल आदिको आर्थिक वर्ष २०८१/८२ मा बिक्री कर संकलनका लागि नेपाल सरकारबाट जारी भएको ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, नगरपालिकाको गत वर्षको वातावरणीय अध्ययन प्रतिवेदन र चालु आ.व.मा हालै गरिएको स्थलगत प्राविधिक अध्ययन एवम् मिति २०८१/०२/२३ को राजश्व परामर्श समितिको बैठकको निर्णय समेतका आधारमा देहाय वमोजिमको घाट (स्थान) मा देहाय वमोजिमको परिमाण संकलनको लागि हाल प्रदेश सरकारबाट आ.व.२०८०/८१ का लागि तोकिएको प्रति क्यू फिट रु. ९ को दररेट अनुसार नै ( पछि प्रदेश आर्थिक ऐन संशोधन भएमा सोही वमोजिम संशोधन हुने गरी) देहाय वमोजिमको न्युनतम रकम अंक तोकी बोलपत्र सूचना प्रकाशन गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहायः

| क्र.सं | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | ल. (मि) | चौ. (मि) | उ. (मि) | उत्खनन् योग्य परिणाम | प्रस्तावित ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | मर्स्याङदी | **बेलौती बिसौना खण्ड** (मालेवगर भलामखोलादेखि बेलौती बिसौना हुँदै पुवाखोला दोभानसम्म) | ६ | ७०० | २५ | १ | ८७५० | २७८०००० |
| २ | मर्स्याङदी | **खासुर अक्कर खण्ड** (तालखोलादेखि भाचोक खोला दोभानसम्म) | १० | ४०० | २५ | १ | ५००० | १५९०००० |
| ३ | मर्स्याङदी | **भोटेफाँट खण्ड** भाचोक खोलादेखि बाँझाखेत मोटरेवल पुलसम्म) | १० | १०० | १५ | १ | ७५० | २४०००० |
| ४ | मर्स्याङदी | **आँपचौर खण्ड** (आँपचौरको पुलदेखि दक्षिणतर्फ आँपचौर मुनीको भाग) | १० | १०० | २५ | १ | १२५० | ४५०००० |
| ५ | मर्स्याङदी | **सालडांडा खण्ड** (थारचौर पुलदेखि तल सालडाडा मुनीको भाग) | २,१० | १३० | ३५ | ३ | ६८२५ | २१७०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

| क्र.सं | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | ल. (मि) | चौ. (मि) | उ. (मि) | उत्खनन् योग्य परिणाम | प्रस्तावित ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|---|
| ६ | मर्स्याङदी | **ल्याण्डफिल्ड खण्ड** (बाँझाखेत मोटरेवल पुलदेखि ल्याण्डफिल्ड मुनी घुम्तीसम्म) | ८ | १५० | २० | १ | १५०० | ४८०००० |
| ७ | मर्स्याङदी | **रानीकुवा टापु मुनीको खण्ड** (मरनघाटमाथिको खण्डदेखि आँपचौरको पुलसम्म) | ३ | २०० | २५ | १ | २५०० | ८००००० |
| ८ | मर्स्याङदी | **भकुण्डे वोहोराबेसी खण्ड** (वोहोरा वउरमुनीको भाग) | २ | ७५ | १५ | १ | ५६२।५ | १८०००० |
| ९ | मर्स्याङदी | **भकुण्डे शिशौघारी खण्ड** भकुण्डे सिसौघारी मुनीदेखि मन्दिर माथिको भाग) | २ | १०० | १५ | १ | ७५० | २५०००० |
| १० | मर्स्याङदी | **गैरीवगर घाट** (उदीपुरको झोपुदेखि साँधखोलासम्म) | १. ११ | १०० | १५ | १ | ७५० | २५०००० |
| ११ | मर्स्याङदी | **आर्मी ब्यारेक पुछार** (चिती मोटरेवल पुलदेखि माथि आर्मी ब्यारेक मुनीको भाग) | १.११ | २०० | २० | १।५ | ३००० | १०००००० |
| १२ | मर्स्याङदी | **रिठ्ठेवगर घाट** (चिती मोटरेवल पुल घुम्तीदेखि तल देउथान खोलासम्म | १.११ | १५० | ४० | ३ | ९००० | ३०००००० |
| १३ | मर्स्याङदी | **त्रिवेणी घाट** (मर्स्याङदी नदी र दोर्दी खोलाको दोभान क्षेत्र) | ११ | १५० | १८ | २ | २७०० | ८६०००० |
| १४ | दोर्दी खोला | **दोर्दी खोला क्षेत्र (ढुंगा समेत** (चिती खण्ड दोर्दी खोला वारीपट्टीको भाग सबै) | ११ | १५०० | १० | ०।८ | ५६२५ | १७९०००० |
| १५ | मिदिम खोला | **नाल्मा मिदिमखोला क्षेत्र** (राम्चेखोलादेखि हाँडीखोला हुँदै मिदिम खोलाको नाल्मा खण्ड) | ५ | १५० | १० | १ | ७५० | २४०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

| क्र.सं | नदी/खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | ल. (मि) | चौ. (मि) | उ. (मि) | उत्खनन् योग्य परिणाम | प्रस्तावित ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|---|
| १६ | मर्स्याङदी | **गैरी क्याम्पस मुनी खण्ड** (गैरी क्याम्पस मुनी घुम्तीदेखि झोलुङ्गे पुलमाथिको भाग) | २,११ | १८० | ८० | ४ | २८८०० | ९१४५००० |
| १७ | मर्स्याङदी | **गाईखुरे छहरा खण्ड**(गैरी क्याम्पसको झोपुदेखि तल, गाइखुरे झरना अगाडि र पारीपट्टी सिमलको रुख मुनी घुम्तीमाथि) | २,१११ | १८० | ९० | ४ | ३२४०० | १०३००००० |
| १८ | मर्स्याङदी | **कडेनी खण्ड** (सिमलको रुखमुनीको घुम्तीदेखि तल क्रसर उद्योग मुनी पारीपट्टीको भाग) | ११ | ८० | २५ | ३ | ३००० | ८५५००० |
| १९ | मर्स्याङदी | **आकासे भीरको डिलमुनीको भाग** (क्रसर उद्योग मुनीदेखि चिप्लेटीको पुल माथिको भाग) | १ | २२५ | ८० | ५ | ४५००० | १४२९०००० |
| | | **जम्मा** | | | | | **१५८९१३** | **५०६७००००** |

**निर्णय नं ४ : बजेट रकमान्तर सम्बन्धमा ।**

चालु आव २०८०/८१ को बजेट संघीय राजश्व बाँडफाँड अन्तर्गत केही शिर्षकमा रकम अपुग भएको र केही शिर्षकमा तोकिए वमोजिम खर्च नहुने देखिएको हुँदा देहायका शिर्षकमा देहाय अनुसार रकमान्तर गर्ने निर्णय गरियो ।

देहायः

| बजेट रकम नं | कार्यक्रमको नाम | बार्षिक बजेट | २०८१ जेठ २२ सम्मको खर्च | थप | घट | अब कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| २२११३ | सार्वजनिक उपयेगिताको सेवा खर्च | १५००००० | ४१८२९० | | ७००००० | ८००००० |
| २२५२२ | चेपाङ लगायत आदिवासी जनजाती लक्षित कार्यक्रम संचालन | २००००० | ० | | २००००० | ० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरकार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

| बजेट रकम नं | कार्यक्रमको नाम | बार्षिक बजेट | २०८१ जेठ २२ सम्मको खर्च | थप | घट | अब कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| २२५२२ | सांस्कृतिक तथा पर्व महोत्सव कार्यक्रम | ० | ० | ७००००० | | ७००००० |
| २२५२२ | अन्य खेलकुद प्रतियोगिताहरु संचालन तथा खेलकुद सामाग्री सहयोग | ० | ० | २००००० | | २००००० |
| | **जम्मा** | १७००००० | ४१८२९० | ९००००० | ९००००० | १७००००० |

**निर्णय नं ५ : शिक्षातर्फको कार्यक्रम संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८०/८१ को शिक्षातर्फको नगरस्तरीय कार्यक्रमहरु कार्यान्वयनको सिलसिलामा आन्तरिक आय शिर्षकमा राखिएका कार्यक्रमहरुमा बजेट अभाव भएको कारण मिति २०८०/११/३० कार्यपालिका बैठकको निर्णय नं १५ समेतलाई संशोधन गरी प्रदेश समानीकरणतर्फका देहाय अनुसारका कार्यक्रम शिर्षकबाट बजेट रकमान्तर गरी देहायका कार्यक्रममा भुक्तानी दिने निर्णय गरियो ।

देहाय

| रातो किताव क्र.सं | साविक कार्यक्रम | बजेट रकम रु | संशोधित कार्यक्रम | बजेट रु. |
|---|---|---|---|---|
| ८२ | विषयगत शिक्षक समूह परिचालन | १,५०,०००। | विषयगत शिक्षक समूह परिचालन | ५०,०००। |
| | | | स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री विकास | १,००,०००। |
| ८६ | विद्यालयहरुको व्यवस्थापनमा सुधारका लागि अभिभावक शिक्षा कार्यक्रम | १,५०,०००। | कक्षा ४, ५, ६, ७ र ९ को परीक्षा सञ्चालन | १,५०,०००। |
| ८७ | पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको क्षमता विकास | २,००,०००। | पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरको क्षमता विकास | ५०,०००। |
| | | | कक्षा ४, ५, ६, ७ र ९ को परीक्षा सञ्चालन | १,५०,०००। |
| ९४ | बा. वि. के. मा सिकाइ सामग्री तथा खेलौना व्यवस्थापन | १,००,०००। | कक्षा ४, ५, ६, ७ र ९ को परीक्षा सञ्चालन | १,००,०००। |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

**निर्णय नं ६ : स्वास्थ्यतर्फको बजेट माग सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका भित्रका मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई मासिक रु. ५ हजारका दरले उपलब्ध गराइने औषधी उपचार वापतको रकम यस बेसीशहर नगरपालिकालाई बार्षिक अनुमानित रकम रु. ४८,००,०००।- (अक्षरुपी अठचालिस लाख रुपैया मात्र) आवश्यक पर्नेमा नेपाल सरकार शसर्त अनुदान (आन्तरिक ऋण-नगद(आन्तरिक ऋण) तर्फ मा विनियोजित भएको रकम रु १२९००००।-(अक्षरुपी बाह्र लाख नब्बे हजार रुपैया मात्र) भएको मध्येवाट पहिलो त्रैमासिक (श्रावण,भाद्र र असोज) अवधी सम्मको औषधी उपचार वापत खर्च भएको रकम १०६५०००।-(अक्षरुपी दश लाख पैसठ्ठी हजार रुपैया मात्र) र बाकी त्रैमासिकको लागि अनुमानित आवश्यक रकम रु ३५,००,०००।-(अक्षरुपी पैतिस लाख रुपैया मात्र) भएको र नेपाल सरकार शसर्त अनुदानवाट सो रकम हालसम्म उपलब्ध नभएको हुंदा स्वास्थ्य मन्त्रालयसंग उक्त रकम निकासा माग गर्ने निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ : बालबालिका लक्षित कार्यक्रमको सम्बन्धमा ।**

नगरपालिकाका वडा नं ४ र ११ बालमैत्री स्थानीय शासन पद्दति अबलम्बन गरी विभिन्न कार्यक्रम र गतिविधि सञ्चालन हुँदै आएकोमा वडा नं ४ यही जेठ २५ गते बालमैत्री वडा घोषणा गरिने र वडा नं ११ घोषणाको तहमा पुग्ने लक्ष्यका साथ कार्य भै रहेको हुँदा मिति २०८०/११/३० को नगर कार्यपालिका बैठकको निर्णयलाई समेत संशोधन गरी देहाय वमोजिमका बालबालिका लक्षित कार्यक्रमको बजेट देहाय वमोजिम संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**देहायः**

| साविक कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.बालभेलाबाट आएका कार्यक्रम कार्यान्वयन (नगरस्तरीय) | ३००००० | १.बालमैत्री स्थानीय शासनका सूचक पुरा गर्न गरिने कार्यक्रमहरु (अभिमुखीकरण,भेलाबैठक, विद्यालय हरुमा बुक कर्नर र डस्टविन खरीद समेत) बेनपा ११ | ३ लाख |
| २. बाल संरक्षण (कठिन परिस्थितिका बाल बालिकाहरुलाई सहयोग तथा सहायता कार्यक्रम समेत) नगस्तरीय | २००००० | २.बालमैत्री वडा घोषणा सहयोग समारोह सम्बन्धी कार्यक्रम, प्रकाशन, सूचक पुरा गर्न गरिएको सामाग्री खरिद लगायतका क्रियाकलापहरु, बेनपा ४ | २लाख |

**निर्णय नं ८ः वडास्तरीय योजना कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका आयोजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन/एकिकरण गर्ने निर्णय गरियो ।

**देहायः**

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०२/२३ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.मल विऊ वितरण, बेनपा-१ | २ लाख | १.अनुदानमा सिल्पोलिन प्लाष्टिक वितरण, बेनपा-१ | २ लाख |
| २.फुटकर तथा विविध कार्यक्रम, बेनपा-१ | ४ लाख | २.बालविकास प्रा.वि छानो मर्मत, बेनपा-१, ठूलो धिमिरे | २५ हजार |
| ३.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन, पूर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्दि कार्यक्रम, बेनपा-२ | ६ लाख | ३. बालकल्याण माविको कक्षा कोठामा सिलिङ, पंखा र वायरिङ सहयोग, बेनपा-२, (२०८१/०२/०६ को निर्णय नं ८ समेतबाट यस कार्यक्रमको लागि रु. ५१ हजार कायम भएको) | ३१ हजार |
| ४.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | १० लाख | ४. चण्डी- काउलेपानी नाला सरसफाई तथा ग्राभेल, बेनपा-३ | १ लाख |

**निर्णय नं ९: नेपाल विद्युत प्राधिकरण मध्यमर्स्याङ्दी जलविद्युत केन्द्रलाई लेखी पठाउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ स्थित मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको ड्याम साइट देखि तल नेपाली सेनाको ब्यारेक मुनि मर्स्याङ्दी नदीको विचमा नदिजन्य पदार्थ (ढुंगा,गिटी, बालुवा, ग्राभेल) थुप्रन गएको र सो मालबस्तु संकलन, उत्खनन् र बिक्री गरी नदिलाई विचधारमा हिंडाउन नपाईएको कारण आगामी बर्षातको समयमा नदिको धार पारिपट्टी (वडा नं ११ चितीतर्फ) सोझिन गई दीर्घकालिन महत्व राख्ने कृषि सडकको संरचना, १३२ के.भि.टावर, रिट्ठेबगर मोटरेवल पुल र नीजि भवन/जग्गा समेतमा ठूलो क्षति पुग्न जाने सम्भावना देखिएको हुँदा सम्भावित क्षति हुनबाट रोक्न रिट्ठेबगर पुलबाट उत्तरतर्फ अन्दाजी ८०० मिटर तटबन्ध निर्माण कार्य गर्ने व्यवस्था हुन नेपाल विद्युत प्राधिकरण मध्यमर्स्याङ्दी जलविद्युत केन्द्र सुन्दरबजार नगरपालिका-९, फेदीकुनालाई लाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं १०: तलबभत्ता अपुग भएको सम्बन्धमा ।**

नगरपालिकाको संघीय सशर्त कार्यक्रम अन्तर्गत पशु सेवातर्फ एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रममा रु. ५ लाख २५ हजार बजेट प्राप्त भएको तर गत साउन देखि आगामी असारसम्म सो रकमले कार्यरत भेटेरिनरी डाक्टरको तलब भत्ता अपुग हुने देखिएको हुँदा अपुग रकम निकासा माग गर्ने र यदि बजेट उपलब्ध हुन नसकेमा २०८१ असार मसान्तसम्मको लागि नगरपालिकाको बजेटबाट व्यहोर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख